# सुरक्षित वैदेशिक रोजगारी ई-बुलेटिन

वैदेशिक रोजगार बोर्ड सचिवालयको प्रकाशन

वर्ष १ | अंक २ (आश्विन-कार्तिक) | २०७६


## दक्षिण कोरियामा प्रहशनको माध्यामवाट सचेतनामूलक कार्यक्रम सम्पन्न



वैदेशिक रोजगार वोर्ड सचिवालयको आयोजनामा नेपाली कामदारको वाहुल्यता रहेको दक्षिण कोरियाको मुख्य तिन शहरहरु सिओल, बुसान तथा जेजु आइल्याण्डमा **मिति २०७६/६/१०-२० सम्म दुई थोपा हाँसो** नामक हास्यव्यङ्ग्य कार्य्रकम सम्पन्न भएको छ।

नेपाली कामदारहरुको उत्साहजनक सहभागिता रहेको उक्त कार्यक्रममा सिस्नुपानी नेपालका हास्य व्यङ्गय कलाकारहरुबाट कामदारको तनाव व्यवस्थापन गर्नुकासाथै वैदेशिक रोजगारीमा रहदाँ पालना गर्नुपर्ने नियम र अपनाउनुपर्ने सावधानी सम्बन्धी विषयवस्तुमा आधारित भई प्रहशनको माध्यमवाट मनोरञ्जन, परामर्श तथा सचेतना गरिएको थियो । कार्यक्रमको संयोजन वोर्ड सचिवालयका उपसचिव जीवन कुमार राईले गर्नु भएको थियो।

## सचिवालयले कल्याणकारी कार्य्रकम अन्तर्गत सम्पादन गरेका कामको विवरण

वैदेशिक रोजगार वोर्ड सचिवालयले आर्थिक वर्ष ०७६/०७७को आश्विन र कार्तिक महिनामा कल्याणकारी तर्फ सम्पादन गरेका कार्यहरू निम्नअनुसार चित्र तथा तालिकामा प्रस्तुत गरिएको छ ।



## सचिवालयले कल्याणकारी कार्यक्रम अन्तर्गत सम्पादन गरेका कामको विवरण तालिका

| सि.नं. | क्रियाकलाप | श्रावण भाद्र | आश्विन कार्तिक (संख्या) | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | कुल जम्मा |
| १ | मृतक कामदारका परिवारलाई आर्थिक सहायता | १२४ | | १२४ | १२८ | ३८० |
| २ | अंगभंग/विरामी भएका कामदारलाई आर्थिक सहायता | ७० | २ | ४७ | ४९ | १६८ |
| ३ | कामदारका परिवारलाई औषधोपचार सहयोग | ६ | २ | ० | २ | १० |
| ४ | उद्दारका लागि सम्बन्धित नियोगमा पत्राचार गरिएको | १३ | ० | ९ | ९ | ३१ |
| ५ | शव झिकाउनका लागि पत्राचार गरिएको | ३१ | २ | १९ | २१ | ७३ |
| ६ | मृतकको शव घर ठेगाना सम्म शव ढुवानी गरिएको | १३५ | १ | ११५ | ११६ | ३६७ |
| ७ | अभिमुखीकरण तालिम वापतको रकम शोध भर्ना | ४५७ | ३८० | ० | ३८० | १२१७ |
| | कुल | ८३६ | ३९१ | ३१४ | ७०५ | २२४६ |

## सचेतनामूलक सन्देशहरु प्रसारण

माहन् चाड दशै मनाउन वैदेशिक रोजगारमा रहेका कामदारहरु घर आउने तथा वैदेशिक रोजगारमा जाने तयारी गरिरहेका कामदारहरुलाई लक्षित गरी स्वदेशमा नै श्रम गर्न उत्प्रेरित गर्ने गरी तयार गरिएको साङ्गितिक जिङ्गल आश्विन महिनामा १५ दिनसम्म विहान र वेलुकीको Prime Time मा रेडियो मार्फत देशैभरी प्रसारण गरिएको छ।

## सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सञ्चारकर्मीहरुलाई दुई दिने प्रशिक्षण कार्यक्रम सम्पन्न




वैदेशिक रोजगारीलाई मर्यादित सुरक्षित र व्यवस्थित गर्ने कार्यमा संचारकर्मीहरुको भूमिकालाई सशक्त वनाउने उद्धेश्यले हुने २०७६ कार्तिक २८ र २९ गते २७ जना सञ्चारकर्मीहरुलाई प्रशिक्षण दिने कार्य सम्पन्न भएको छ। सचिवालयले अन्तराष्ट्रिय श्रम संगठन नेपालको सहयोगमा आयोजना गरेको यस प्रशिक्षण कार्यक्रममा Forced Labor ले समाजमा पारिरहेको नकारात्मक प्रभावलाई

न्यूनीकरण गर्ने एवम् निष्पक्ष/नैतिक भर्ना (Fair/Ethical requirement) प्रणालीका वारेमा जानकारी गराई वैदेशिक रोजगारीका सबै चक्रलाई व्यवस्थित वनाउन यस क्षेत्रमा खोजमूलक पत्रकारिताका लागि प्रोत्साहन गरिएको थियो ।
कार्यक्रममा सचिवालयका कार्यकारी निर्देशकले वैदेशिक रोजगारका विषयमा आमसमुदायलाई सुसूचित गर्नुका साथै सरकारी,रोजगार व्यवसायी तथा अन्य सरोकारवालाहरुलाई संवेदनशील वनाउन महत्वपूर्ण भूमिका हुने उल्लेख गर्नु भयो ।

## वोर्ड सचिवालयको आ.व ०७५/०७६ को बार्षिक प्रतिवेदन प्रकाशन

वैदेशिक रोजगार ऐनको दफा ३९ (द) मा व्यवस्था भए अनुसार आर्थिक वर्ष ०७५/०७६को बोर्ड सचिवालयवाट सम्पादित कार्यहरुको बार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ ।

## कल सेन्टर

वैदेशिक रोजगारी सम्बन्धी जानकारी, गुनासो तथा समस्या सुन्ने एवम् वैदेशिक रोजगारी सम्वन्धी सूचना तथा जानकारी उपलब्ध गराउनुका साथै गुनासो तथा समस्या सम्बोधनका लागि सम्बन्धित निकायमा सिफारीस र आवश्यक समन्वयका लागि सञ्चालित कल सेन्टरमा टेलीफोन, फेसवुक भाईवार इमो तथा फेसवुकवाट सेन्टरमा यस अवधिमा आएका उजुरी तथा गुनासोको विवरण यस प्रकार रहेको छन् ।

## कल सेन्टरमा आएका उजुरी तथा गुनासोको माध्यम

| उजुरीको स्रोतको आधारमा राखिएको संख्या | | | | | |
|---|---|---|---|---|---|
| २०७६ आश्विन,१ देखी २०७६ कार्तिक, ३० सम्म | | | | | |
| National Call | International Call | Imo | Viber | Facebook | Total Log |
| १८४४ | १४ | ६९ | १८ | ३७ | १९८२ |




आ.व. ०७६/०७७ को आश्विन र कार्तिक महिनामा कूल १९८२ वटा सोधपुछ, गुनासो तथा उजुरीका लागि कल सेन्टरमा सम्पर्कहरू भएका छन् । प्राप्त सम्पर्कहरूमा कल सेन्टरका एजेन्टबाट जानकारी गराइने र विशेष प्रकारका कलहरू सम्वन्धित निकायमा पठाइने गरिएको छ ।

**कल सेन्टरका निशुल्क नम्वरहरु**
११४१ वा ५९७०००८ (देशभित्र )
टोल फ्रि नं १६६००१५००००५